# बिन्दबासिनी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनीभाठा, पर्सा
२ नं प्रदेश, नेपाल

प.सं. २०७५/७६
च.नं.

मितिः २०७५/०५/१८

विषयः सम्पत्ती विवरण बुझाउन हुन बारे।

श्री .........................

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण, २०५९को दफा ५० मा "प्रत्येक सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिन भित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तीको श्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरि तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्ने" कानुनी व्यवस्था छ सोही बमोजिम नेपाल सरकारद्वारा २०७५ अषाढ २० मा प्रकाशित खण्ड ६८ को नेपाल राजपत्र अनुसार गाउँ कार्यपालिकाको अध्यक्ष तथा उपाध्यक्ष, वडाध्यक्ष, गाउँ कार्यपालिकाको सदस्य तथा वडा सदस्य लागयतका स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरू (निजामति र स्थायी शिक्षक बाहेक) ले सम्बन्धित स्थानिय तहको कार्यालयमा सम्पत्ति विवरण पेश गर्नु पर्ने व्यवस्था गरेको हुदा मिति २०७५ भदौ २८ गते सम्म अनिवार्य रूपमा आ-आफ्नो सम्पत्ति विवरण यस कार्यालयमा बुझाउन हुन अनुरोध छ ।म्याद भित्र सम्पत्ति विवरण नबुझाएमा रू ५०००/- (पाँच हजार) जरिवाना तिर्नु पर्ने कानुनि व्यवस्था समेत रहेको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

**(नोटः राहत, अस्थायी तथा करारमा कार्यरत सम्पुर्ण शिक्षक र शिक्षिका तथा अस्थायी, करारमा कार्यरत सम्पुर्ण कर्मचारीहरूले समेत सम्पत्ति विवरण भर्नु पर्ने छ ।)**

..........०५/१८

प्रमुख प्रशासकीय अधिकृत

सुजित कुमार अधिकृत
प्रमुख प्रशासकीय अधिकृत